# छुट सुविधा सम्बन्धी अत्यन्त जरुरी सूचना

करदाताहरुले आर्थिक अध्यादेश, 2078 अनुसार प्राप्त हुने छुट सुविधाको लाभ लिन समय मै कार्यालयमा निवेदन दिनुहोस्। थप जानकारी आवश्यक भएमा कार्यालयमा सम्पर्क गर्नुहोला।शर्तहरु आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

| छुटको प्रकार | दावी गर्ने समय र गर्नु पर्ने काम | प्राप्त हुने छुट सुविधा |
|---|---|---|
| **मुद्दा फिर्ता लिने (दफा 20)**<br>• मू.अ.कर, अन्त:शुल्क तथा आयकर निर्धारण भएको<br>• उक्त कर निर्धारण 2077 असार मसान्तभित्र भएको<br>• विभाग वा राजस्व न्यायाधिकरण वा अदालतमा मुद्दा विचाराधीन रहेको<br>• झुट्टा तथा नक्कली विजक सम्बन्धी कारवाहीमा नपरेको | • 2078 मङ्सिर मसान्तभित्र<br>• निर्धारण भएको कर रकम र निवेदन दिएको मितिसम्मको व्याजको 50% रकम बुझाउने<br>• निर्धारित ढाँचामा निवेदन पेश गर्ने | • सोमा लागेको शुल्क, थप दस्तुर, जरिबाना तथा बाँकी ब्याज मिन्हा हुने। |
| **बक्यौता मिन्हाको विशेष व्यवस्था (दफा 21.1)**<br>• साविकका अन्त:शुल्क ऐन, 2015 तथा आयकर ऐन, 2031 एवं होटल कर, मनोरञ्जन कर, ठेक्का कर र विक्री कर ऐन बमोजिम लगत कायम भई हालसम्म असुल नभएको बक्यौता रकम | • 2078 पुष मसान्तभित्र<br>• बक्यौता रकम मध्ये अन्त:शुल्क वा कर रकमको 75% रकम बुझाउने<br>• निर्धारित ढाँचामा निवेदन पेश गर्ने | • सोमा लागेको जरिबाना, शुल्क, ब्याज र बाँकी अन्त:शुल्क वा कर मिन्हा हुने। |
| **बक्यौता मिन्हाको विशेष व्यवस्था (दफा 21.2)**<br>• मू.अ.कर, अन्त:शुल्क तथा आयकर निर्धारण भएको<br>• उक्त कर निर्धारण 2076 असार मसान्तभित्र भएको<br>• झुट्टा तथा नक्कली विजक सम्बन्धी कारवाहीमा नपरेको | • 2078 पुष मसान्तभित्र<br>• निर्धारणबाट कायम भएको कर र निवेदन दिने दिनसम्मको व्याजको रकम बुझाउने<br>• निर्धारित ढाँचामा निवेदन पेश गर्ने | • सोमा लागेको शुल्क, थप दस्तुर र जरिबाना मिन्हा हुने। |
| **बक्यौता मिन्हाको विशेष व्यवस्था (दफा 21.3)**<br>• गैर नाफामूलक सामुदायिक अस्पताल वा स्वास्थ्य संस्था तथा विद्‌युतीय सञ्जालमा आधारित सवारी सेवा उपलब्ध गराउने सञ्चालकलाई<br>• आ.रा.का.बाट मिति 2078/02/15 गते भन्दा अगाडि मू.अ.कर वा आयकर निर्धारण भएको | • 2078 पुष मसान्तभित्र<br>• न्यायिक प्रक्रियामा नरहेका करदाताले<br>• निर्धारित ढाँचामा बक्यौता मिन्हाको लागि निवेदन पेश गर्ने | • त्यस्तो बक्यौता मिन्हा हुने। |
| **ट्रेकिङ्ग तथा टुर प्याकेज सम्बन्धमा विशेष व्यवस्था (दफा 23)**<br>• मू.अ.कर लाग्ने कारोवारलाई कर छुटको बिक्री अन्तर्गत देखाई कर संकलन तथा दाखिला नगरेको ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको कारोबार गर्ने व्यक्ति<br>• यस्तोमा कर निर्धारण भई बक्यौता रहेको<br>• निवेदन/मुद्दामा गई विचराधिन रहेको | • 2078 पुष मसान्तभित्र<br>• मू.अ.कर संकलन नगरेकोले मिति 2078/02/15 गते सम्मको कारोबारको स्वयं घोषणा गरी कर तिर्ने<br>• बक्यौता मध्ये निर्धारित कर रकम बुझाउने<br>• मुद्दा फिर्ता लिई निर्धारित कर रकम बुझाउने<br>• निर्धारित ढाँचामा निवेदन पेश गर्ने | • सोमा लागेको थप दस्तुर, ब्याज र जरिबाना मिन्हा हुने। |
| **अन्त:शुल्क इजाजत नवीकरण सम्बन्धी विशेष व्यवस्था (दफा 26)**<br>• अन्त:शुल्क ऐन, 2058 बमोजिम इजाजतपत्र लिई नवीकरण नगराउने इजाजतपत्रवाला | • 2078 साउन मसान्तभित्र<br>• प्रत्येक वर्षको लागि नवीकरण वापत लाग्ने दस्तुर बुझाउने<br>• नवीकरणको निवेदन दाखिला गर्ने | • लाग्ने जरिबाना मिन्हा हुने। |


**आन्तरिक राजस्व कार्यालय जोरपाटी**

**इमेल: iro-jorpati@ird.gov.np**

**फोन नम्बरहरु: 4914840 4914850 4914190**